accountabilitylab knowledge

NEPAL

GOVERNANCE Weekly

अंक ४७ | २३ मंगसिर, २०७९

Photo from eKantipur

के नेपालले "क्षति तथा नोक्सानी कोष"बाट वास्तवमै अपेक्षित लाभ उठाउन सक्ला?

यस वर्ष संयुक्त राष्ट्र संघको जलवायु सम्मेलन (COP 27) इजिप्टमा नोभेम्बर ६ देखि नोभेम्बर १८ सम्म भएको थियो । १९० देशको सहभागिता रहेको सम्मेलनले जलवायु संकटबाट सबैभन्दा बढी प्रभावित राष्ट्रहरुलाई सहयोग गर्न ऐतिहासिक "क्षति तथा नोक्सानी कोष" स्थापना गरेको थियो । नेपाल पनि जलवायु प्रकोपको जोखिममा परेका देशको सूचीमा पर्दछ । सन् २०२४ देखि सञ्चालनमा आउने कोषले हिमनदी पग्लिने तथा बाढी जस्ता प्रकोपको सामना गरिरहेको नेपाललाई पनि ठूलो अवसर प्रदान गर्नेछ ।

तर, नेपालको विद्यमान संस्थागत क्षमता हेर्ने हो भने, देशले ठोस योजना सहित सहयोगका लागि सम्झौता गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न यथावत छ । कोष सञ्चालनमा आउनुअघि नेपालले जलवायुको प्रकोपबाट हुने आर्थिक र गैर-आर्थिक क्षतिको तथ्यांक तयार गर्नुपर्दछ । क्षतिको मूल्यांकन गर्नको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको क्षमतालाई सुदृढ गर्नुपर्दछ । क्षति र जोखिमलाई सही रुपमा पहिचान गर्न स्थानीय र प्रदेश सरकारहरुका साथै पूर्वाधार विकासमा प्रत्यक्ष रुपमा संलग्न निजी क्षेत्रसँग समन्वय गर्नु आवश्यक हुन्छ । यसका साथै, नेपालले क्षति तथा नोक्सानीलाई कसरी मापन गर्ने र कोषको सदुपयोग कसरी गर्ने भनेर राष्ट्रिय कार्ययोजना तयार गर्नुपनि त्यतीकै जरुरी छ ।

स्रोत: eKantipur

यस अंक भित्र

मान्छेहरुले अरुलाई प्रतिकुल प्रभाव पार्छ भन्नेकुराको कुनै रुयालै नगरी प्रदुषणजन्य कार्य गरिरहेका हुन्छन् ।

कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गरिनुका साथै त्यस्तो कार्य तुरुन्त बन्द गराउने अधिकार सम्बन्धित निकायमा रहन्छ ।

सडक निर्माण गर्दा प्रयावरणिय क्षतिलाई खासै वास्ता गरिएको देखिदैन ।

यस प्रकृयामा नेपाल सरकारले नै प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य गरेको छ ।

के नेपालले "क्षति तथा नोक्सानी कोष" बाट वास्तवमै अपेक्षित लाभ उठाउन सक्ला?

कोषले हिमनदी पग्लिने तथा बाढी जस्ता प्रकोपको सामना गरिरहेको नेपाललाई पनि ठूलो अवसर प्रदान गर्नेछ ।

FACT SHEET

नेपालमा जलवायु परिवर्तन सम्बन्धि नीति र त्यसको विकास क्रम

१९९४ — संयुक्त राष्ट्रसघीय जलवायू परिवर्तन सम्बन्धी संरचना महासन्धि (UNFCC) अनुमोदन

२००४ — UNFCCC मा पहिलो पटक राष्ट्रिय सञ्चार प्रतिवेदन पेश

२००५ — क्योटो प्रोटोकल अनुमोदन

२०१० — UNFCCC राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) पेश

२०११ — स्थानीय अनुकूलन कार्य योजना (LAPA) स्वीकृत

२०११ — राष्ट्रिय जलवायु परिवर्तन नीति स्वीकृत

२०१४ — UNFCCC मा दोस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन पेश

२०१६ — पेरिस सम्झौता अनुमोदन र UNFCCC मा पहिलो राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन पेश

२०१७ — संशोधित राष्ट्रिय अनुकूलन योजना स्वीकृत

२०१८ — UNFCCC मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन पेश

२०१९ — संशोधित राष्ट्रिय जलवायु परिवर्तन नीति स्वीकृत

२०२० — UNFCCC मा दोस्रो राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन पेश

२०२१ — नीति निर्माताहरूका लागि UNFCC मा राष्ट्रिय अनुकुलन योजनाको सारांश पेश

स्रोत: https://prc.org.np/assets/uploads/resource/40225e42f00b8143f66206e752294334.pdf

MEDIA HIGHLIGHTS

२०७८ फागुन १ गते सत्ता गठबन्धनका ९८ जना सांसदले दर्ता गरेको महाअभियोग प्रस्तावपछि निलम्बनमा परेका प्रधानन्यायाधीश चोलेन्‍शम्शेर जबरालाई २०७९ मङ्सिर २१ गते संसद सचिवालयका महासचिवले निलम्बन फुकुवा गर्न सर्वोच्च अदालतलाई पत्र पठाएपछि उक्त निर्णयको चौतर्फी आलोचनासँगै उनको निर्णय गर्ने अधिकारबारे स्पष्टीकरण माग गरिएको छ ।

थप यहाँ हेर्नुहोस्: The Himalayan Times

Photo: The Himalayan Times

Photo: eKantipur

प्रतिनिधि सभामा एक तिहाई महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणाली मार्फत दलहरुले कम्तिमा ७६ जना महिलालाई प्रतिनिधित्व गराउनु पर्ने भएको छ । जस अनुसार, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र माओवादी केन्‍ले क्रमशः २९, १९, १२ महिला सांसद समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित गर्नुपर्नेछ ।

थप यहाँ हेर्नुहोस्: eKantipur

भारतले महाकाली नदीमा एकतर्फी तटबन्ध निर्माण गरेका कारण दार्चुलामा नेपाली र भारतीय नागरिकबीच तनाव उत्पन्न भएपछि नेपाल सरकारले भारतलाई कूटनीतिक नोट पठाएको छ । सरकारले विवादित क्षेत्रमा निर्माण कार्य रोक्न र भविष्यमा यस्ता निर्माण नगर्न भारतीय पक्षलाई आग्रह गरेको छ ।

थप यहाँ हेर्नुहोस्: Online Khabar

Photo: Online Khabar
© onlinekhabar



Photo: Online Annapurna Post

नेपालमा हाल २२ सय मेगावाट विद्युत उत्पादन भईरहेको छ । त्यसमध्ये नेपालको आन्तरिक खपत १७ सय मेगावाट मात्र छ । नेपालले प्रत्येक महिना २४ अर्ब बराबरको पेट्रोलियम पदार्थ मात्र आयात गरिरहेको छ । यसले सरकारको व्यापार घाटा पनि बढ्दै गएको छ ।

थप यहाँ हेर्नुहोस्: Annapurna Post

Rumors and Facts

Online

मान्छेहरुले अरुलाई प्रतिकुल प्रभाव पार्छ भन्नेकुराको कुनै रय्यालै नगरी प्रदुषणजन्य कार्य गरिरहेका हुन्छन् । त्यस्ता व्यक्तिलाई कुनै कारवाही हुँदैन ?

कुनै व्यक्ति वा संस्थालाई हानी वा नोक्सानी पुग्ने गरी कुनै व्यक्ति वा संस्थाले प्रदुषण, ध्वनी, ताप वा फोहोरमैला सृजना गरेमा त्यस्ता व्यक्ति वा संस्थालाई क्षतिपूर्ति भराउन सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्दछ । सम्बन्धित निकायले जाँचबुझ गर्दा सो कार्यले कुनै व्यक्ति वा संस्थालाई प्रतिकुल प्रभाव पारी हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गरिनुका साथै त्यस्तो कार्य तुरुन्त बन्द गराउने प्रावधान रहेको छ ।

स्रोत: वातावरण संरक्षण ऐन, २०५३

सडक निर्माण गर्दा प्रयावरणिय क्षतिलाई खासै वास्ता गरिएको देखिदैन । यस्तो प्रकृयामा वातावरणिय दृष्किोणले हेर्ने कुनै प्रावधान हुँदैन ?

नेपालमा उद्योगहरु स्थापना गर्दा वातावारणीय अध्ययन रिपोर्ट पेस गर्नु पर्दछ । त्यती मात्र नभएर उद्योगमा पूँजी वा क्षमता बढाउँदा, उद्देश्यहरु थप्दा वा परिवर्तन गर्दा र उद्योग स्थानान्तरण गर्ने समयमा पनि वातावारणीय अध्ययन रिपोर्ट पेस गर्नुपर्दछ । यसबाहेक उद्योग सञ्चालनका क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल असर तथा प्रभावलाई न्यूनीकरण गर्ने जिम्मेवारी पनि सम्बन्धित उद्योगको हुन्छ ।

स्रोत: वातावरणीय सरंक्षण नियमावली, २०५४

Enter your Message

VOICES OUT LOUD

पवित्रा झा,

उपप्राध्यापक, बन विज्ञान अध्ययन संस्थान, पोखरा

"सामुदायिक वन विकास कार्यक्रम निर्देशिका, २०७१" अनुसार कार्यकारी समितिमा कम्तीमा ५०% महिला सहभागितालाई अनिवार्य गरिएको छ । सामुदायिक वन विकास कोषमा अध्यक्ष, सचिव वा कोषाध्यक्षको हस्ताक्षर आवश्यक हुन्छ । जसमध्ये, कम्तिमा एक जना महिला हुनैपर्दछ । यसले सामुदायिक बन विकास कोषको निर्णायक ओहोदामा महिलाहरुको सहभागिता सुनिश्चित गरेको छ । महिलालाई नेतृत्वमा अगाडि ल्याउन सरकारले गरेको यो प्रयास तारिफयोग्य छ । तर, पाएको भूमिकालाई प्रभावकारी बनाउन उनिहरुको क्षमता विकासमा ध्यान दिनु पनि उत्तिकै महत्वपूर्ण छ ।

जयन्ती शर्मा

वातावरण समाचार प्रस्तोता, रेडियो सफलता, पोखरा

मलाई पर्यावरणसँग सम्बन्धित विषयमा विषेश चाँसो छ । हामीले वातावरण-मैत्री अभ्यासहरुलाई संस्कारको रुपमा पालना नगरेको देख्दा भने दु:ख लाग्छ । सबैले कुनै न कुनै रुपमा वातावरण जोगाउन भुमिका खेल्नसक्छन् । यसका लागि हामिले स्रोतमै फोहोरमैलाको वर्गिकरण गरेर व्यवस्थापन गर्नुका साथै दैनिक जीवनमा प्रयोग गरिने प्लास्टिकको विकल्पमा जैविक वस्तुको प्रयोगलाई जोड दिन सक्छौं । एक सचेत युवा भएकोले समाजलाई जागरुक गराउनु मेरो पनि जिम्मेवारी हो । त्यसैले, केही वर्षदेखि समुदाय स्तरमा तालिम दिनुका साथै सञ्चार माध्यममा पनि प्राथमिकताका साथ यस विषलाई उठान गरिरहेकी छुँ ।

NEPAL

GOVERNANCE Weekly

Nepal Governance Weekly एउटा मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरूलाई जोड्ने काम गर्दछ र यसले जवाफदेहिता सम्बन्धी उठेका भ्रामक तथा मिथ्या समाचारहरु सम्बन्धी तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दै नेपालमा जवाफदेहीताका मुद्दामा आवाज उठाउँछ । देशको अहिलेको अवस्था हेर्ने हो भने, आम नागरिकले सुशासनको सन्दर्भमा छिटो, वैज्ञानिक र तथ्यपरक जानकारीको खोजी गरिरहेका हुन्छन् । Nepal Governance Weekly मार्फत हामी परिवर्तनका सम्वाहकहरुको समुदाय निर्माण गर्दै निष्पक्ष र समतामूलक संयन्त्र निर्माणका लागि देशका कुनाकुनाबाट उठेका आवाजहरुको शक्ति प्रयोग गर्दछौं ।

लैङ्गिक समावेशिकरण, जलवायु परिवर्तन, सार्वजनिक सेवा सम्बन्धी उठाईएका मुद्दाहरुले राज्य शासन प्रणालीमा रहेको सदाचरिता र जवाफदेहिताको अभावलाई कम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालमा लोकतन्त्रको रक्षा गर्न, हामी तथ्यहरु खोजी गरेरं, उपयोगी जानकारी सार्वजनिक गर्दछौं र त्यसका लागि आवश्यक सञ्जाल निर्माण गर्दछौं ।

Brought to you by:

accountabilitylab NEPAL

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिस्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

SUPPORTED BY:

CFLI/FCIL
Canada Fund for Local Initiatives
Fonds canadien d'initiatives locales

REACH OUT TO US ON

Email: nepal@accountabilitylab.org